याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)

थर्पु, पाँचथर
कोशी प्रदेश नेपाल

सूचना नं. . :-
मितिः- २०८०/१०/ २८

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

**आ.व. २०८१/८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८ सहित) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आ.व. २०८१/८२ मा याङवरक गाँउपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणमा योगदान गर्न ईच्छुक (१८-५९ उमेर समुहका) सामाजिक र आर्थिक अवस्थाबाट वञ्चित महिला, दलित, आदिवासी जनजाति, सिमान्तकृत समुदाय तथा विपन्न बेरोजगार ब्यक्तिहरुले आफु स्थायी बसोबास गरीरहेको वडा कार्यालयमा **प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८ सहित) को अनुसूचि १** बमोजिमको ढाँचामा **२०८० साल फागुन १** गते देखि **२०८० साल फागुन ३०** गते सम्ममा फारम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

- नागरिकताको प्रतिलिपी-१ प्रति
- पासपोर्ट साइजको फोटो-१ प्रति
- परिवारका (१८-५९ उमेर समुहका) सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी-१/१ प्रति
- नागरिकतामा भन्दा फरक ठेगाना भएमा विवाह दर्ता वा बँसाइसराइको प्रतिलिप-१ प्रति
- निवेदकको बैक खाता सम्बन्धी विवरण
- निवेदक बैदेशिक रोजगारीबाट फर्केको वा श्रम स्वीकृति लिइ बैदेशिक रोजगारीमा जान नपाएको ब्यक्ति भए सो पुष्टि गर्ने प्रमाणको प्रतिलिप-१/१ प्रति
- निवेदक बेरोजगार भएमा निवेदन दिंदाको मितिसम्म न्यूनतम एकसय दिनको रोजगारमा संलग्न नभएको हुनुपर्नेछ । साथै स्वरोजारमा संलग्न ब्यक्तिको हकमा न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको हुनुपर्नेछ ।
- अपूर्ण निवेदन स्वतः निष्कृय हुनेछ ।

(नोट :आवेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

**पुनश्चः** चालु आ.व.मा सूचिकृत भइ न्यूनतम रोजगारीमा संलग्न नभएका ब्यक्तिहरुले पुनः सूचिकृत हुनको लागि अनिवार्य रुपमा माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा सम्पर्क गरि फारम भर्नुपर्नेछ ।

थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

२०८०/१०/२८

(सूर्य प्रसाद गौतम)
नि. प्रमुख प्रशासकिय अधिकृत